आज मिति २०७३।०७।०४ गते शुक्रबारका दिन इलाम नगर कार्यपालिकाका प्रमुख श्री केदार थापाज्यूको अध्यक्षता एवं निम्नानुसारको उपस्थितिमा बैठक बसी निम्नानुसारको निर्णय गरियो ।

उपस्थिति :-

प्रमुख श्री केदार थापा

उप प्रमुख श्री विष्णु कुमारी लिम्बु

वडाध्यक्ष श्री गायत्रीराम बस्नेत

,, श्री गिरीराज रिजाल

,, श्री हेम बहादुर सुनुवार

,, श्री नुतनदेव ढुङ्गेल

,, श्री काजी बहादुर श्रेष्ठ

,, श्री दुर्गा श्रेष्ठ

,, श्री नरेश श्रेष्ठ

,, श्री दलमान तामाङ

,, श्री गोपाल चौहान

,, श्री सोमनाथ प्रधान

,, श्री टसी अवेण

,, श्री लारमान लिम्बु

का.पा.स. श्री सायना राई

,, श्री सरीमाया कुमिनी

,, श्री धनमाया लिम्बु

,, श्री कुमारी लवाङ्ग

,, श्री बिबि लिम्बु

,, श्री बिरेन्द्र बहादुर कार्की

,, श्री देवेन्द्र मास्वेमा

,, श्री दिपक तिम्सिना

सचिव- प्र.प्र.अ. श्री गणेश कुमार खड्का

बैठक व्यवस्थापन कर्मचारी :-

लेखा अधिकृत श्री नारायण ढकाल

इन्जिनियर सोते श्री दिपक गुरागाई

## इलाम नगरपालिका नगर कार्यपालिकाको छैठौं बैठकका निर्णयहरु

निर्णय नं. १  नगरपालिका द्वारा संचालन हुदै आएको खानेपानीको पुरानो लाइनका धारा बन्द गरि नयाँ शहरी खानेपानी उपभोक्ता समिति को नयाँ धारा संचालन भएको क्षेत्रमा पुरानो लाइनको धारा बन्द भएको मिति देखि उक्त धाराहरुको लगतकट्टा नभए सम्मको अवधिको खानेपानी शुल्क २०७९ साल भाद्र महिनामा रिडिङ्ग भएको दरमा असुल गर्ने ।

साथै नयाँ शहरी खानेपानी उपभोक्ता समिति को नयाँ लाइन पूर्ण रुपमा सूचारु भएका धाराहरुको लगत लिएर उक्त क्षेत्रमा पुराना धाराहरुको लगत कट्टा गर्नका लागि प्रचार प्रसार गर्ने । नगरपालिकाबाट पुरानो धारा लगतकट्टा गर्दाको समयमा नयाँ धाराको मिटरमा रहेको अंकको फोटो खिचि पेश गर्न लगाइ सो को प्रमाणित अभिलेख राख्ने ।

निर्णय नं. २ इलाम नगरपालिका अन्तर्गतका विभिन्न सटर पसलहरु पटक पटक सूचना प्रकाशन गर्दा समेत भाडामा नलागेको र निजी लगानी गर्ने केही व्यवसायीहरु भाडामा बस्न अनिच्छुक भएकाले त्यस्ता सटर पसलहरु नगरपालिकाले तोकेको न्यूनतम दरमा नियमानुसार भाडामा लगाउन प्रकृया अघि बढाउने ।

निर्णय नं ३. इलाम नगरपालिकाका निम्न प्रतिष्ठान तथा समितिहरु मा देहायका पदाधिकारीहरु को चयन गरि गठन गर्ने

१. साहित्य कला संगीत प्रतिष्ठान

सल्लाहकारहरु- कोमल निरौला, देवी प्रसाद गौतम र विमल बैध

क. अध्यक्ष- प्रकाश थाम्सुहाङ

ख. उपाध्यक्ष-सुरेश श्रेष्ठ

ग. सचिव-जयनारायण भट्टराइ

घ. कोषाध्यक्ष- दिपेश श्रेष्ठ

२. नगर पर्यटन प्रबर्द्धन समिति

ख. उपाध्यक्ष-प्रकाश अधिकारी

ग. सचिव- रिना घले

घ. कोषाध्यक्ष- हरि गुरुङ

३. नगर युवा परिषद

क. अध्यक्ष- लीला थापा

ख. उपाध्यक्ष- बिक्रम लिम्बु

ग. सचिव- मोहन बिष्ट

घ. सह- सचिव- सन्तोष गोले

ङ. कोषाध्यक्ष- सविता पाण्डे

निर्णय नं. ४ सिक्किम गान्टोक म्यूनिसिपल संग अन्तर स्थानीय तह भगिनि सम्वन्ध स्थापनाका लागि प्रारम्भिक कारवाही अघि बढेको भए पनि हाल सम्म संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट सो का लागि स्वीकृति प्राप्त नभएको हुंदा इलामको कृषि र पर्यटन प्रबर्द्धन को उद्देश्यमा केन्द्रित रहेर भगिनि सम्वन्ध स्थापनाका लागि पुन मन्त्रालयमा अनुरोध गर्ने ।

निर्णय नं. ५ इन्धनको मूल्य र मर्मत संभारको दर बढेको सन्दर्भमा इलाम नगरपालिकाका मेसिनहरुको भाडा दर समायोजन नभए सम्म भाडामा लगाउने कार्य स्थगित गर्ने र नयाँ भाडा दर आगामी नगर सभाबाट निर्धारण गर्ने ।

निर्णय नं ६ प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत कामका लागि पारिश्रमिकमा आधारित सामुदायिक आयोजना संचालनको लागि दोश्रो किस्ता बापत प्राप्त हुने बजेट रु. १८००००० मध्ये बाट प्रत्येक वडाबाट १५०००० बजेट अन्तर्गतका मर्मत तथा सफाइ योजनाको प्रस्ताव माग गर्ने

उक्त योजनाहरुमा आ व २०७९/८० मा EMIS मा सूचीकृत श्रमिक बाहेक आवश्यकता तथा व्यवहारिकताका आधारमा वडा कार्यालयको बेरोजगार अभिलेखमा रहेका अन्य श्रमिकहरु समेत प्रयोग गरि योजनामा खटाउने ।

४० जना सूचीकृत श्रमिकहरुलाइ ५० दिने तालिम प्रदान गर्न इच्छुक श्रमिकहरुबाट निवेदन माग गरि तालिम प्रदायकको प्रस्ताव माग गर्ने र सहभागी श्रमिकहरुको छनौट गर्ने

युवा रोजगारीका लागि रुपान्तरण पहल आयोजना संचालन कार्यविधि २०७५ को परिच्छेद ६ को दफा ३६ बमोजिम ४० जना सूचीकृत श्रमिकहरुलाइ ५० दिने सटरिङ कार्पेन्टर स्काफोल्डर प्लमबर इलेक्ट्रिसीयन ए.सी. फिटिङ तथा सौर्य उर्जा जडान संग सम्वन्धित उपयुक्त सीपमूलक तालिम संचालनको लागि आफुलाइ उपयुक्त हुने तालिम लिन इच्छुक श्रमिकहरु बाट निवेदन माग गर्ने र तालिम प्रदायकलाइ भुक्तानी हुने रकम व्यवस्था गरि प्रस्ताव आव्हान तथा तालिममा सहभागी हुने श्रमिक छनौट गर्ने ।

निर्णय नं ७- इलाम नगरपालिकाबाट सम्पादन गरिने सवै सेवाहरुलाइ एकीकृत सूचना प्रविधि प्रणालीबाट संचालन गर्नका लागि नगरपालिकाको बजेट भित्र रही सो प्रणालीको निर्माण गर्नका लागि लागत अनुमान तर्जुमा लगायतका तयारी गर्ने ।

निर्णय नं ८ मर्मत संभार योजनाहरुमा उपभोक्ताहरुको लागत सहभागितालाइ अनिवार्य गर्न व्यवहारिक रुपले कठीनाइ भएको हुंदा त्यस्ता योजनाहरुमा लागत सहभागिता अनिवार्य नहुने व्यवस्था गर्न प्रचलित कानुनको परिधी भित्र रही नगरपालिकाको कार्यविधिमा संसोधन वा उपयुक्त व्यवस्था गर्न प्रकृया अघि बढाउने ।

निर्णय नं ९ बि.सं. २०७९ सालको शुभदिपावली नेपाल संवत र छठ पर्वको अवसरमा नगरपालिका परिवारका संपूर्ण सदस्यहरु र  देश विदेशमा रहनु हुने संपूर्ण नागरिकहरुमा शुभकामना व्यक्त गर्दै नगरपालिका परिवारको शुभकामना नगरपालिकाको डिजिटल डिस्प्लेमा प्रशारण समेत गर्ने ।